# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८३ साल साउन ०१ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् –**

१. **मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालय:** प्रदेश सचिवहरुको पदमा जिम्मेवारी तोक्ने तथा हेरफेर गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयः** लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको दैनिक प्रशासनिक कार्य नियमित गर्न थप जिम्मेवारी तोक्ने।

३. **आर्थिक मामिला तथा योजना मन्त्रालय:** प्रदेश आर्थिक ऐन, २०८३ को धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेसन शुल्कमा शत प्रतिशत छुटको सट्टा पचास प्रतिशत मात्र छुट गर्ने।

४. लुम्बिनी प्रदेशमा आ.व. २०८२।०८३ असार मसान्तसम्म स्वीकृत संगठन संरचना अनुसार करारमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. १ मिति २०८३।०४।०१ गतेको पत्र समेतलाई आधार लिई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय/निकायलाई परिपत्र गर्ने।